१. वित्तीय विवरण

त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण माथि उल्लेख गरिए बमोजिम रहेको छ ।

२. व्यवस्थापकीय विश्लेषण

दीर्घकालीन प्रकृतिको कोष संकलन गर्ने भएकोले गर्दा सहभागीहरुको मासिक संकलन रकमबाट दैनिक भुक्तानी दिने कार्य भएको हुँदा तरलता सहज भएको छ । कोषको मुख्य आम्दानीको रुपमा कोष संचालन गरेका योजनाहरुबाट प्राप्त सेवा शुल्क, व्याज आम्दानी तथा नगद लाभांश रहेको छ । कोषले बन्दमुखी सामुहिक कोष योजना संचालन गर्ने प्रकृया अगाडि बढाएको छ । कोषको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्वीक असर पर्ने अवस्था रहेको छैन ।

३. कानूनी कारबाही सम्बन्धी विवरण

(क) नागरिक लगानी कोषले संचालन गरेको बिभिन्न अवकाश कोष मध्ये उपदान कोष अन्तर्गत बिभिन्न संगठित संस्थाको उपदान कोष रकम सम्बन्धित संस्थाका कर्मचारीहरु अवकाश हुदाँ कोषले उपदान बापतको रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) को मूल व्यबस्था अनुसार १५ प्रतिशतका दरले आयकर बापत कट्टा गरी भुक्तानी दिदै आएकोमा सो सम्बन्धमा सम्मानित सर्बोच्च अदालत एबं उच्च अदालतमा संगठित संस्थाका सेवा निबृत्त कर्मचारीहरुले उपदानमा १५ प्रतिशतका दरले कर कट्टा गर्नु पर्ने होइन ५ प्रतिशतका दरले कर कट्टि गर्नु पर्दछ भनी कोषको बिरुद्ध रिट निबेदन दायर गरेको र कोषले सोको लिखित जबाफ पेश गरी मुद्दा बिचाराधिन अबस्थामा रहेको ।

(ख) कोषले उपदान कोषको रकममा ५ प्रतिशत मात्र कर कट्टा गरेको मिलेन भनि ठुला कर दाता कार्यलयबाट कोषलाई जरिवाना गरेको र सो उपर कोषले आन्तरीक राजश्व बिभाग, लाजिम्पाटमा प्रशासकीय पुनरावलोकनको लागि निबेदन दिएर बिचाराधिन अबस्थामा रहेको ।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण

(क) कोषको शेयर नेपाल स्टक एक्स्चेन्ज लि.को दोस्रो बजारमा खुला शेयर बजार अर्न्तगत कारोबार भईरहेको छ । यस विषयमा कोष व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या ।

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार भएको कूल दिन	कारोबार संख्या
३०७२	१७८०	१८१२	६६	६९९०४९

५. समस्या तथा चुनौती

कोषले प्रयोगमा ल्याईरहेको सफ्टवेयरलाई सबै कारोबार र अन्य निकायहरुले प्रयोगमा ल्याईरहेको सफ्टवेयरसँग एकिकरण हुनेगरी मिल्दो बनाउने, पुरानो हिसाब मिलान कार्य सम्पन्न गर्ने, सहभागीहरुलाई दिइने प्रतिफल दरलाई उच्च बनाई राख्ने आन्तरिक चुनौती तथा समस्याहरु कोषसँग रहेका छन् । त्यसैगरी पूँजीबजार तर्फको कारोबारमा प्रतिष्पर्धा, सरकारको जमानतमा गरिएको लगानी असुलीमा समस्या, कोषमा आवद्ध संस्था र सहभागिहरुलाई सामजिक सुरक्षा कोषमा हस्तान्तरण गर्न दवव गरिनु तथा योगदानमा आधारित पेन्सन कार्यक्रम खन्य संस्थाबाट संचालन गर्न प्रतिस्पर्धी संस्थालाई प्रोत्साहित गरिनु जस्ता वाह्य चुनौतीहरु रहेका छन् । यी चुनौतीहरु समाधानको लागि कोषले नेपाल सरकार महालेखा नियन्त्रक कार्यालयको सफ्टवेयर सुत्रसँग एकिकरण गर्ने प्रक्रियामा रहेको, NCHL सबै कार्यक्रमहरुमा लागू गर्ने, कोषका सम्पूर्ण सेवाहरुलाई डिजिटाई गर्ने, बैंक रिकन्सिलियसन कार्यलाई चुस्त दुरुस्त बनाउन छुट्टै महाशाखाको गठन गरी रिकन्सिलियसन स्टेटमेण्ट तयार गर्ने, सहभागिहरुलाई दिने प्रतिफल दरलाई उच्च बनाउन बढि प्रतिफल प्राप्त हुने सुरक्षित लगानी हेरी केन्द्रीत हुने रणनीति कोषले लिएको छ ।

६ संस्थागत सुशासन

कोषको संचालक समिति शिर्ष निकाय हो । जो शेयरधनीहरु प्रति उत्तरदायी हुने तथा संस्थागत सुशासन कायम गर्न जिम्मेवार निकाय हो । कोषले संचालन गर्ने योजना/कार्यक्रमहरुको संचालन, अनुगमन तथा वित्तीय विवरण प्रमाणिकरण गर्न संचालकको संयोजकत्वमा ट्रष्टि उपसमितिहरु गठन गरिएको छ । सहभागीहरु प्रति ट्रष्टि उत्तरदायि रहने गरेको छ । आर्थिक अनुशासन र आन्तरिक नियान्त्रण प्रणाली कायम गर्न संचालकको संयोजकत्वमा लेखा परीक्षण समिति रहेको छ । संचालकको संयोजकत्वमा सम्पती शुद्धिकरण तथा आतङ्कबादी क्रियाकलापमा वित्तीय लगानी अनुगमन उपसमिति गठन गरिएको छ । यस सम्बन्धमा सम्पादित कार्यहरुको अर्धबार्षिक प्रतिवेदन समिति समक्ष पेश गर्ने गरिएको छ । कोषका कार्यकारी निर्देशकको संयोजकत्वमा लगानी उपसमिति र कर्जा उपसमिति गठन गरिएको छ । लगानी नीतिको सीमा भित्र रही तोकिएको विधि प्रकृया र मापदण्डको अधिनमा रही लगानी गरिएको छ । सहभागीहरुलाई कर्जा प्रदान गर्दा कर्जा कार्यविधिको अधिनमा रहि गरिएको छ ।

७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।